"कानूनी शासन र संवैधानिक सर्वोच्चता:व्यावसायिक र मर्यादित बार, हाम्रो प्रतिवद्धता"

## नेपाल बार एशोसिएशन

### १५ औं अखिल नेपाल कानून व्यवसायी राष्ट्रिय सम्मेलन, २०७८

२०७८ फागुन १५, १६ र १७ गते, काठमाडौं ।

# काठमाडौं घोषणा-पत्र

**घोषणापत्र तयारी समिति**

- संयोजक : श्री सतिशकृष्ण खरेल, वरिष्ठ अधिवक्ता
- सह-संयोजक : श्री यदुनाथ खनाल, वरिष्ठ अधिवक्ता
- सदस्य : श्री किशोरी साह, अधिवक्ता
- सदस्य : श्री सुरेन्द्र बहादुर थापा, अधिवक्ता
- सदस्य : श्री शंकर सुवेदी, अधिवक्ता
- सदस्य : श्री विजयप्रसाद मिश्र, अधिवक्ता
- सदस्य : श्री मेघराज पोखरेल, अधिवक्ता
- सदस्य : श्री केदारप्रसाद कोईराला, अधिवक्ता
- सदस्य : श्री कपिलचन्द्र पोखरेल, अधिवक्ता
- सदस्य : श्री भोजराज आचार्य, अधिवक्ता
- सदस्य : डा. दिनमणि पोखरेल, अधिवक्ता
- सदस्य : श्री महेश्वर चौधरी, अधिवक्ता
- सदस्य : श्री विष्णुमाया भुसाल, अधिवक्ता
- सदस्य : श्री मंगल महर्जन, अधिवक्ता
- सदस्य : श्री पुनदेवी महर्जन, अधिवक्ता
- सदस्य : श्री दर्शन कर्ण राई, अधिवक्ता
- सदस्य : श्री समसुदिन हवारी, अधिवक्ता

कानूनको शासन, मानव अधिकारको संरक्षण, स्वतन्त्र सक्षम र न्यायमा पहुंच र भ्रष्टाचारमूक्त न्यायपालिकाप्रति नेपाल बार एसोशिएनको प्रतिबद्धतालाई पुन दोहर्याउदै,

भ्रष्टाचार विरुद्ध नेपाल बार एसोसिएसनले गरेको आन्दोलनमा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, पुर्व न्यायाधीश समाज र नागरीक समाजको सहभाव र सहयोगप्रति यो सम्मेलन आभार प्रकट गर्दै,

नेपाल बारको आन्दोलनमा ऐक्यबद्धता देखाउदै प्रधान न्यायाधीशको राजिनामा र महाअभियोग प्रकृयाको माग गर्दै सार्वजनिक विज्ञप्ति प्रकाशन गर्ने सबै राष्ट्रीय र अन्तरराष्ट्रिय संस्थाप्रति धन्यवाद प्रकट गर्दै,

नेपाल बार एसोसिएसनको गरिमामय ईतिहासको स्मरण गर्दै नेपाल बार एसोसिएशन निम्न लिखित घोषणा पत्र जारी गर्दछ :

१ निलम्बित प्रधान न्या. चोलेन्द्र शमसेरको बहिर्गमनको र न्यायिक शुद्धीकरण एवं सुधारको लागी नेपाल बार एसोशिएसनले सर्वोच्च अदालतका बहालबाला सम्पुर्ण न्यायाधिशहरु, पुर्व न्यायाधिश समाज र नागरीक समाज समेतको सहभावमा गरेको आन्दोलनको परिणाम रुपमा निजको विरुद्धको महाअभियोगको प्रस्ताव जनताको सार्वभौम सत्ताको प्रतिनिधित्व गर्ने प्रतिनिधि सभामा प्रस्तुत भै निलम्बीत भएको र अब जुनसुकै अवस्थामा पनि चोलेन्द्र शमसेर ज ब रा लाई न्यायापालिका र सार्वजनिक दायित्वको पदमा स्वीकार गर्न नसक्ने उदघोषण यो सम्मेलन गर्दछ ।

२ प्रतिनिधि सभामा महाभियोगको प्रस्ताव दर्ता भै निलम्बित भएका प्र न्या चोलेन्द्र शमशेर जबरा विरुद्धको प्रस्ताव उपर यथाशिघ्र कारवाही प्रारम्भ गरी पारीत गर्न नेपाल बार एसोशिएसनको यो सम्मेलन माग गर्दछ।

३ निलम्बित प्र न्या चोलेन्द्र समशेर ज ब रा को बहिर्गमन नै न्यायपालिकाको सुधारको सम्पूर्ण आधार होइन केवल सुधारको प्रस्थान विन्दुसम्म हो भन्ने तथ्यमा स्पष्ट हुदै अदालतमा व्याप्त भ्रष्टाचारको निर्मुलका लागी अन्य भ्रष्टाचार, सेटीङ र पुर्वाग्रहमा परी न्यायमा विचलन ल्याउने भनि शंकाष्पद भूमीकामा देखीएका सर्वोच्च अदालत र अन्य अदालतका न्यायाधीशहरुको सम्बन्धमा समेत छानविन प्रकृया अघि बढाई कार्वाहीको दायरामा ल्याउनका लागी समेत यो सम्मेलन माग गर्दछ ।

४ संवैधानिक परिषदमा प्रधान न्यायाधीशको भूमीकालाई लिएर सर्वोच्च अदालतमा मुद्दाहरु पर्ने गरेको र त्यस्ता मुद्दा सर्वोच्च अदालतका प्रधान न्यायाधीश कै नेतृत्वमा गठन भएको संवैधानिक इजलासले हेर्ने संवैधानिक प्रावधानले एकातर्फ अदालतको स्वतन्त्रता र निष्पक्षताको अवधारणाको प्रतिकूल हुने र अर्कोतर्फ कार्यपालिकासंगको विगतमा देखीएको असमान्य निकटताका कारणले नियुक्तीमा भएका विकृतीहरु सतहमा आउन थालेकोले संवैधानिक परिषदमा प्रधान न्यायाधीशको संलग्नता नरहने गरी संविधान संसोधन गर्नका लागी यो सम्मेलन माग गर्दछ। साथै संवैधानिक

परिषदद्वारा हुने नियुक्तीका लागी संभावित र योग्य व्यक्तीको सूची तयार गरी सार्वजनिक सुनवाईको आधारमा नियुक्त गर्नु पर्ने प्रकृया निश्चित गर्नका लागी कानूनमा उपयुक्त संसोधनका लागी सरोकारवालाहरुसंग यो सम्मेलन माग गर्दछ ।

५ न्याय सम्पादनमा निष्पक्षता निर्वाह गर्नु पर्ने दायित्व भएका न्यायाधीश र अदातलको अधिकृतको रुपमा सहयोग पुर्याउने कानून व्यवसायी समेतलाई कुनै मुद्दा विशेषमा निर्वाह गरेको भूमीकाका आधारमा पदक दिनु र पदक लिनु न्यायिक निष्पक्षताको प्रतिकूल र विवादास्पद हुने भएको हुनाले त्यस्तो प्रवृत्तीलाई निरुत्साहित गर्नु पर्ने कुरामा यो सम्मेलन विश्वस्त छ ।

६ न्यायपालिकामा रहेका विकृती, विसंगती र भ्रष्टाचार निर्मुलनका लागी सर्वोच्च अदालतका माननीय न्या श्री हरीकृष्ण कार्कीको संयोजकत्वमा मा न्या प्रकाश राउत, नेपाल बार एसीशिएसनका अध्यक्ष श्री चण्डेश्वर श्रेष्ठ ब अ, एवं सर्वोच्च अदालत बार एसोशिएनका अध्यक्ष पूर्णमान शाक्य ब. अ. समेतको सहभागीतामा तयार गरिएको " न्यायपालिकामा हुन सक्ने विकृती, विसंगती, अनियमितता, भ्रष्टाचार एवं विचौलियाको रोकथाम एवं नियन्त्रणका लागी" तयार गरिएको प्रतिवेदनको सर्वोच्च अदालतबाट नियम विनियम संसोधन गरी वा त्यस्तो कुनै संसोधन वेगर प्रशासकीय निर्णयबाट कार्यान्वयन हुन सक्ने प्रावधान तत्काल क्रमिकरुपमा लागू गर्न यो सम्मेलन सर्वोच्च अदालतलाई आह्वान गर्दछ ।

७ माथी छैठौं बुँदामा उल्लेख भएदेखि बाहेकका विकृती विसंगती र विचौलियाहरुको संलग्नताबाट हुन सक्ने भ्रष्टाचारको उन्मुलनका लागी उक्त प्रतिवेदनलाई आधार विन्दु मानी उक्त प्रतिवेदनका सुझावलाई कार्यान्वयन गर्नका लागी सविधान र ऐनमा शंसोधन गर्नुपर्ने विषय एवं विगतमा भएका विवादाष्पद नियुक्तीका सम्बन्धमा थप छानविन गरी निष्कर्ष निकाल्नु पर्ने विषयहरुमा थप छानविन गरी समस्याका पहिचान एवं समाधानका उपाय र आवश्यक शंसोधनहरु समेत प्रस्तावित गर्नका लागी सर्वोच्च अदालतका पूर्व प्रधान न्यायाधीश वा प्रधान न्यायाधीश हुन सक्ने योग्यता पुगेका सर्वोच्च अदालतका पूर्व न्यायाधीशको अध्यक्षतामा कानून व्यवसायी, न्यायाधीश एवं अन्य सरोकारवाला पक्ष समेतको सहभागीतमा उंच्च स्तरीय न्यायिक जाचबुझ आयोग गठन गर्नका लागी नेपाल सरकार समक्ष अनुरोध गर्दछौं ।

८ अदालतमा नियुक्त सबै तहका न्यायाधीशहरु, न्याय परिषदका सदस्यहरु एवं निजहरुको एकासगोलको परिवारका सदस्यहरुको सम्पत्तीको बार्षिक विवरण दाखिल एवं सार्वजनिकिकरण गर्नु पर्ने र त्यसरी दाखिल गर्नु पर्ने कुनै विवरण लुकाएको अवस्थामा फौजदारी दायित्वको सिर्जना हुने कानूनी व्यवस्था गर्नुपर्ने एवं समान रुपमा समान दायित्व हुने गरी सबै कानून व्यवसायीहरुले समेत त्यस्तो विवरण प्रत्येक पटक कानून व्यवसायी प्रमाण-पत्र अद्यावधिक गर्दा नेपाल कानून व्यवसायी परिषदमा दाखिल गर्नुपर्ने र परिषदले समेत त्यस्तो विवरण आफ्नो वेभ साईटमा सार्वजनिक रुपमा प्रकाशन गर्ने व्यवस्था गर्न आह्वान गर्दछ ।

९ राजनीतिक प्रभावलाई मूख्य आधार बनाई न्यायाधीशहरुको नियुक्ती हुने गरेको गुनासाहरु सार्वजनिकरुपमा आईरहेका र मा न्या हरिकृष्ण कार्कीको संयोजकत्वको प्रतिवेदनमा समेत नातावाद, कृपावाद, संरक्षणवाद भागबण्डा तथा राजनैतिक प्रभाव हावी भएको कुरा उल्लेख गरिएको तथ्यलाई यस सम्मेलनले दृष्टीगत गरेको छ । न्यायाधीश नियुक्ती निर्विवाद र न्यायपालिकाको छविलाई धवल बनाउनका लागी अदालतका न्यायाधीश एवं न्यायाधीकरणहरुमा गरिने नियुक्तीमा योग्यता, क्षमता, न्यायप्रतिको निष्ठा, व्यक्तिगत चरित्र एवं सार्वजनिक प्रतिष्ठाजस्ता गुणलाई ध्यान दिई उत्कृष्ट मध्येका सर्वोत्कृष्ठ व्यक्तिहरुलाई न्यायाधीशको पदमा नियुक्ती गर्न संभावित व्यक्तीहरुको सूची तयार गरी सार्वजनिक परिक्षण समेतको आधारमा गरिने व्यवस्थाका लागी यो सम्मेलन माग गर्छ।

१० विगत केही समयदेखी न्याय परिषदमा प्रधानमन्त्री तथा नेपाल बार एसोशिएसनकातर्फबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिको भूमीका सन्तोषजनक नभएको कुरा यो सम्मेलन महशुस गर्दछ । त्यस्ता प्रतिनिधिहरुको प्रतिनिधित्व प्रभावकारी बनाउनका लागी त्यस्ता नियुक्त हुने व्यक्तिको न्यूनतम योग्यतालाई पुनः परिभाषित गर्नुका साथै परिषदबाट अवकाश प्राप्त गरे पश्चात सर्वोच्च अदालतका न्यायाधीशहरुको हकमा लागू हुने बन्देज र सुविधाहरु त्यस्ता व्यक्तीका हकमा समेत अब उप्रान्त लागू हुने व्यवस्था संविधानमा गर्न यो सम्मेलन आह्वान गर्दछ ।

११ कानून व्यवसायीको आचरणको सम्बन्धमा उठने गरेका विवादहरुको न्युनीकरण गर्नका लागी परिषदले आचारसंहिताको पालना भए नभएको अनुगमन गर्न प्रभावकारी संयन्त्र निर्माण गर्नुपर्ने कुरा यो सम्मेलनले महशुस गरेको छ। कानून व्यवसायी परिषद ऐन २०५० लागू भए पश्चातसमेत बरिष्ठ अधिवक्ताको उपाधिको महत्व र गरिमा बृद्धिको उदेश्यले उदारतापूर्वक सो दायित्व सर्वोच्च अदालतलाई नै प्रदान गरिएको हो भन्ने कुरामा यो सभा विश्वस्त छ। बरिष्ठ अधिवक्ताको उपाधि ऐनले निर्धारण गरेको मापदण्डको प्रतिकूल केवल प्रमाणपत्रको जेष्ठताको मात्र आधारमा नगरी निर्धारण गरिएको योग्यता, दक्षता र पेशाप्रतिको निष्ठा, निरन्तरता र योगदानको आधारमा निर्धारण हुनुपर्ने मान्यता यो सम्मेलन राख्दछ। बरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने सम्बन्धमा सर्वोच्च अदालत आफैले निर्धारण गरे बमोजिमको अवधिभित्र बरिष्ठ अधिवक्ताको उपाधि प्रदान गर्ने कार्य हुन नसक्नु कुनै मनासिव कारण देखिँदैन। आफैले निर्धारण गरेको मापदण्डको पालनामा सर्वोच्च अदालत सचेत हुने कुरा विश्वास यो सम्मेलन गर्दछ ।

१२ कानून व्यवसायको गरीमा र पेशागत बृद्धीकोलागि पुरानो पुस्ताले नया पुस्तालाई पेशागत मूल्य र मान्यताको हस्तान्तरण अपरिहार्य भएको हुनाले बरिष्ठ अधिवक्ताले नेपाल कानून व्यवसायी परिषद वा बार इकाईसंग समन्वय गरी उपलब्ध भएसम्म एकजना महिला र एकजना पुरुष गरी कम्तीमा २ जना नवोदीत कानून

Nepal Bar Association

व्यवसायीहरुलाई मासिक स्टेपेण्ड सहित आफ्नो रेखदेखमा कानून व्यवसायमा निरन्तर संलग्न गराउन आह्वान गर्दछ ।

१३ नवोदित कानून व्यवसायीको दक्षता अभिवृद्धि एवं पेशामा रहेको कानून व्यवसायीको कानून क्षेत्रमा भएका नया विकाशका सम्बन्धमा विज्ञता प्रदान गर्ने कानून व्यवसायी प्रतिष्ठानको प्रबल आवश्यकता यो सम्मेलनले पुन दोहर्याउँदछ । अत: कानून मन्त्रालयमा रहेको विधेयकलाई तत्काल प्रकृया अघि बढाउनका लागी यो सम्मेलन माग गर्नुका साथै उक्त प्रतिष्ठान गठन नभएसम्म कानून व्यवसायीहरुको सहभागितमा उचित तवरमा बढाउनका लागी राष्ट्रिय न्यायिक प्रतिष्ठान समक्ष यो सम्मेलन माग गर्दछ ।

१४ यस अघिका नेपाल बार एसोशिएसनको राष्ट्रिय सम्मेलनबाट पारित गरिएका घोषणापत्रहरुमा माग गरिएको तर हालसम्म कार्यान्वयन नभएका विषयहरु सूचीकृत गरी कार्यान्वयनका लागी यो सम्मेलन नेपाल बार एसोशिएसनको कार्यसमितिलाई निर्देशन दिन्छ ।

१५ स्वच्छ पुर्पक्षको अधिकारको कार्यान्वयनका सम्बन्धमा नेपालको संविधानले फौजदारी कारवाहीको सिलसिलामा कसुरमा शङ्कित अभियोजित र निरुपित व्यक्ती तथा अपराध पिडितका मौलिक हक सुनिश्चीत गरेपनि अनुसन्धान अभियोजन पुर्पक्ष र न्यायिक निर्णयको कार्यान्वयनका चरणमा ति मौलिकहकहरुको पूर्ण कार्यान्वयन नभएको सम्बन्धमा सरकोरवाला निकायको ध्यानाकर्षण गराउदै सो को तत्काल कार्यान्वयनको माग गर्दछ ।

१६ ठूला विकास परियोजनाको सफलताको लागि वाणिज्य कानूनको तर्जुमा, संशोधन र प्रयोग तथा वैदेशिक कानून र अभ्यासमा दक्षता अभिवृद्धि गर्न नेपाल बारले यथोचित पहल गर्न यो सम्मेलन जोडदार माग गर्दछ ।

१७ उपभोक्ता अदालत तत्काल स्थापना गर्न प्रत्येक स्थानीय तहको एकल अधिकारभित्रको स्थानीय बजार व्यवस्थापन, अनुगमन तथा उपभोक्ता हीत संरक्षण सम्बन्धी कानून तर्जुमा र लागु गर्न यथोचित पहल गर्न यो सम्मेलन सम्बन्धिन निकायको ध्यानाकर्षण गर्दछ ।

१८ राज्यका सम्पूर्ण निकायमा संविधानले व्यवस्था गरेको समानुपातिक तथा समावेशीताको आधारमा महिलाको प्रतिनिधित्वको सुनिश्चितता गर्न यो सम्मेलन सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ ।

१९ संघीयता कार्यान्वयन गर्नका लागि संघद्वारा आवश्यक कानूनको तर्जुमा नभएको एवं संघीयतासँगै सम्बन्धित मुद्दाहरु सर्वोच्च अदालतबाट समयमै निरुपण नहुँदा संघीयताको कार्यान्वयनमा असर पुग्न गएकोले सोतर्फ यो सम्मेलन सम्बन्धित निकायको ध्यानाकर्षण गर्दछ ।

२० मेलमिलापकर्तालाई राष्ट्र सेवकको परिभाषामा समेट्ने प्रयास भइरहेकोतर्फ ध्यानाकर्षण गर्दै मेलमिलापकर्ता स्वयंसेवकको रुपमा विवाद समाधान गर्ने सहजकर्तामात्र भएको

हुनाले राष्ट्र सेवककोरुपमा परिभाषित नगर्न तथा सर्वोच्च अदालतको वहालवाला न्यायधीशको सट्टामा पूर्व न्यायाधीश वा मेलमिलाप विज्ञलाइ पूर्णकालीन अध्यक्षको रुपमा राखे व्यवस्था गर्न सरोकारवाला निकायलाई यो सम्मेलन आह्वान गर्दछ ।

२१ नेपाल सरकार र सम्वन्धित राजनीतिक दल एवं अन्य पक्षबीच भएका सहमतिपत्र बमोजिम थुनामा रहेका नेता कार्यकर्ताको रिहाइ र विचार र आस्थाका बन्दीहरुउपर लगाइएका सम्पुर्ण मुद्दाहरु फिर्ता लिन यो सम्मेलनले नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

२२ नेपाल बार एसोसिएशन कुनै पनि राष्ट्रको भौगोलित सार्वभौमसत्ताको अक्षुण्णतामा अर्को कुनै राष्ट्रले आक्रमण गर्न नपाउने कुरामा पूर्ण विश्वास राख्दछ । हालै युक्रेनमाथि रुसले गरेको आक्रमण युक्रेनको भौगोलिक सार्वभौमसत्ता उपरको आक्रमण भएको र संयुक्त राष्ट्र संघको बडापत्रको प्रतिकूल भएको ठहर यस सम्मेलनको रहेको छ। यसै सम्बन्धमा युक्रेनको बार एसोसिएशनले रुसको बार एसोसिएशन लगायतका विश्वभरको बार एसोसिएशनसंग गरेको आह्वानमा यस सम्मेलनको ध्यानकर्षण भएको छ । राष्ट्रहरुको विचको विवादको समाधान युद्धको माध्यमबाट नभइ शान्तिपूर्ण समाधान हुनुपर्ने अभिमत यो सम्मेलन प्रकट गर्दछ । घोषणाको यो अंशको जानकारी युक्रेनी बार एसोशिएसनलाई गराउनका लागी यो सम्मेलन नेपाल बार एसोशिएसनलाई निर्देश गर्दछ ।

२३ राज्यकातर्फबाट गरिने कुनै पनि सन्धि सम्झौतामा राष्ट्रको हित केन्द्र विन्दुमा राखी पारदर्शि र राष्ट्रीय गरिमाको संरक्षण गरिनु पर्ने मान्यता यो सम्मेलन राख्दछ ।

२४ संविधान न्यायपालिका र न्यायिक शुद्दिकरण समूह, महिला बाल बालिका तथा सिमान्तिकृत समुदाय सम्वन्धि कानून समुह, आर्थिक विकास र वाणिज्य कानून समुह, फौजदारी कानून समुह, दुरसञ्चार तथा सूचना प्रविधि कानून समुह र प्रदेशको संबैधानिक अधिकार, प्रदेश कानून समूहको प्रतिवेदन र कानून व्यवसाय, कानून सहायता (प्रो–बोनो) कानून व्यवसायी आचारसंहिता र पोशाक समुहले पेश गरेको प्रतिवेदन यसै घोषणा-पत्रको अभिन्न अंशकोरुपमा समाहित गरीएको छ।

यस सम्मेलनको समुदघाटन समारोहमा उपस्थीत भै महत्वपुर्ण सम्बोधन गरी बारलाई मार्गनिर्देशन गर्नु भएकोमा यो सम्मेलन सम्माननिय राष्ट्रपति विद्यादेवी भण्डारी प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । साथै सम्माननिय का.मु.प्रधानन्यायाधिश श्री दिपक कुमार कार्की तथा नेपाल बार काउन्सीलका अध्यक्ष उपस्थीत भै मन्तव्य प्रस्तुत गर्ने सबै पूर्व अध्यक्षहरु एवं सम्पूर्ण सहभागीहरु प्रति यो सम्मेलन हार्दिक धन्यवाद प्रकट गर्दछ ।

नेपाल बार एसोसिएशन Nepal Bar Association

## घोषणा-पत्र तयारी समिति

- संयोजक : श्री सतिशकृष्ण खरेल, वरिष्ठ अधिवक्ता
- सह-संयोजक : श्री यदुनाथ खनाल, वरिष्ठ अधिवक्ता
- सदस्य : श्री किशोरी साह, अधिवक्ता
- सदस्य : श्री सुरेन्द्र बहादुर थापा, अधिवक्ता
- सदस्य : श्री शंकर सुबेदी, अधिवक्ता
- सदस्य : श्री विजयप्रसाद मिश्र, अधिवक्ता
- सदस्य : श्री मेघराज पोखरेल, अधिवक्ता
- सदस्य : श्री केदारप्रसाद कोईराला, अधिवक्ता
- सदस्य : श्री कपिलचन्द्र पोखरेल, अधिवक्ता
- सदस्य : श्री भोजराज आचार्य, अधिवक्ता
- सदस्य : डा. दिनमणि पोखरेल, अधिवक्ता
- सदस्य : श्री महेश्वर चौधरी, अधिवक्ता
- सदस्य : श्री विष्णुमाया भुसाल, अधिवक्ता
- सदस्य : श्री मंगल महर्जन, अधिवक्ता
- सदस्य : श्री पुन्नदेवी महर्जन, अधिवक्ता
- सदस्य : श्री दर्शन कर्ण राई, अधिवक्ता
- सदस्य : श्री समसुदिन हवारी, अधिवक्ता

नेपाल बार एशोसिएशन

२०७८ फागुन १७ गते

नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं ।